(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या र
मिति अवश्य उल्लेख गर्नहोला)
फोन
०१-४७७१३५५

# लोक सेवा आयोग

(सूचना तथा प्रकाशन शाखा)

फ्याक्स : ०१-४७७१४९०
पोष्ट बक्स नं. : ८९७९
ई-मेल :info@psc.gov.np
वेभ : www.psc.gov.np

पत्र संख्या : ०७१/७२
चलानी नं:-

मिति: २०७१।१२।१२

**विषय: प्रेस विज्ञप्ती ।**

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १३ धारा १२५ मा लोक सेवा आयोगको गठन सम्बन्धमा गरिएको व्यवस्था अनुसार आयोगका पदाधिकारीहरुको नियुक्ति तथा अवकाश हुने नियमित प्रकृया हो । सोही अनुसार २०७१ फाल्गुन ५ देखि तत्कालिन आयोगका अध्यक्ष डा. कयोदेवी यमी र सदस्यहरु श्री टिकादत्त निरौला र श्री राजेन्द्रप्रसाद शाह अवकाश हुनुभइ झण्डै १ महिना र केहि दिन आयोग पूर्ण रुपले पदाधिकारी विहीन हुन पुगेको थियो । मिति २०७१।११।१४ को संवैधानिक परिषद्को सिफारिश अनुसार संसदीय सुनवाइ पश्चात् मिति २०७१।१२।११ मा सम्माननीय राष्ट्रपतिज्यूबाट नियुक्ति भई सोही दिननै माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली तथा माननीय सदस्यहरु श्री बिन्द्रा हाडा भट्टराई, डा. गोविन्दप्रसाद कुसुम, श्री श्रीपुरुष ढकाल, श्री अशोककुमार झा, श्री ब्रम्हदेव राय र श्री कृष्णचन्द्र झाले पद बहाली गर्नु भएको छ ।

नवनियुक्त पदाधिकारीहरुलाई आयोगका कर्मचारीहरुका तर्फबाट स्वागत कार्यक्रमको आयोजना गरिएको थियो । सो अवसरमा आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालले आयोगका नवनियुक्त पदाधिकारीहरुलाई स्वागत मन्तव्य प्रस्तुत गर्दै कार्य सम्पादनमा आयोगलाई सचिवालयबाट हरतरहले सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नु भयो । सोही कार्यक्रममा माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले आयोगका कार्यशैली प्रति बफादार रहने, आयोगले अंगालेको सिद्धान्त र निष्ठालाई निरन्तरता दिने, आयोगको गरिमा अझ अभिवृद्धि गर्न तर्फ प्रयत्नशील रहने, आयोगबाट संचालित हुने परीक्षा प्रणाली र पाठ्यक्रमहरुलाई समय सापेक्ष ढंगले सुधार गर्दै लैजाने, आयोगलाई अभाव, दवाव र प्रभावबाट मुक्त बनाउने, आयोगको निष्पक्षतालाई अझ व्यवहारिक बनाउन निरन्तर लागिरहने प्रतिबद्धता जनाउनु भएको थियो । आफू पनि यही आयोगबाट निष्पक्ष तवरमा लिइएका परीक्षाहरुबाट उत्तीर्ण हुँदै निजामती सेवाको माथिल्लो पदमा पुग्न सफल भएकोले आयोगसँग सदैब भावनात्मक सम्बन्ध रहेको, रही रहने र यसलाई कायम राख्न आफू सदैव उद्धत रहेको कुरा समेत उहाँले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको थियो ।

राजीव गौतम
प्रवक्ता

*D:\prk work in psc\Letter pad.doc*